स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



यही साउन १८ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'मोदीबेनी'बाट अभिनेत्री रेजिना उप्रेतीको करिअरको दोस्रो इनिङ सुरु भएको छ । यो फिल्मबाट उनले झन्डै ९ वर्षपछि कमब्याक गरेकी हुन् । एनलगको युगमा ६०/६५ वटा फिल्ममा काम गरेकी रेजिना विवाहपछि अभिनयमा निस्क्रिय देखिएकी थिइन् । अब उनको आगामी यात्राका लागि 'मोदीबेनी'को सफलता अनिवार्य छ ।

आजको विचार...



साँच्चै...
(दुई पेजमा)

दुर्गा प्रसाद अर्याल

एउटा कलाकारको करिअरमा हिट र फ्लप फिल्मले ठूलो अर्थ राख्छ । अभिनेत्री बेनिशा हमालले जति यो कुरा अरु कसले बुझेको होला र ? श्रृंखलाबद्ध फ्लपले उनको करिअर संकटमा पुगेको थियो। पहिलो फिल्म 'स्वर'देखि उनले निरन्तरता असफलता भोग्दै आएकी थिइन्। जसले गर्दा अभिनय बुलन्द हुँदाहुँदै पनि उनी सधैं ओझेलमा परिन्। उनलाई 'अनलक्की नायिका' समेत भनियो। तर, २०७९ सालमा आएको फिल्म 'छक्का पञ्जा ४'ले उनको करिअर नै 'कायापलट' गारिदियो।



❒ वर्ष ३० ❒ अंक १७ ❒ २०८१ साउन १७ गते बिहीबार 1 Aug 2024, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### 'इजरायली आक्रमण'मा हमासका नेता मारिए

एजेन्सी

**कायरो,** साउन १६/'इजरायलको आक्रमण'बाट हमास नेता इस्माइल हानिया बुधबार इरानमा मारिएका छन् । प्यालेस्टाइनी लडाकु समूह हमास र इरानको एलिट रिभोलुसनरी गार्ड्सले उनी मारिएको पुष्टि गरेका छन् ।

हानिया मंगलबार इरानका नयाँ राष्ट्रपतिको शपथ ग्रहण समारोहमा सहभागी भएका थिए । 'बुधबार बिहानै, तेहरानमा इस्माइल हानियाको निवासमा आक्रमण भएको थियो, जसका कारण उनी र उनका एक अंगरक्षकको मृत्यु भएको थियो,' रिभोलुसनरी गार्डले भनेको छ । हानियाको मृत्युमा इजरायलले आधिकारिक रूपमा अहिलेसम्म केही पनि भनेको छैन । तर इजरायली सरकारका सम्पदामन्त्री अमिचे इलियाहुले भने 'विश्वबाट यस्तो फोहोर सफा गर्ने यही नै सही तरिका हो' भनेर प्रतिक्रिया दिएका छन् । टाइम्स अफ इजरायलका अनुसार इजरायली प्रधानमन्त्री बेन्यामिन नेतान्याहुले भने आफ्ना मन्त्रीहरूलाई हानियाको हत्याबारे नबोल्न निर्देशन दिएका थिए ।

## सन्दर्भ : स्तनपान सप्ताह

# पूर्ण स्तनपान गराउँदैनन् धेरै आमा !

रामचन्द्र रायमाझी

**पाल्पा,** साउन १६/स्तनपान गराएमा शरीरको बनोट बिग्रिन्छ भन्ने भ्रमले कतिपय आमाले बच्चालाई स्तनपान गराउँदैनन् । विशेषत: पछिल्लो पुस्ताका पहिलो सन्तान जन्माउने आमाहरु शरीर बिग्रने डरले पूर्ण स्तनपान गराउने मामिलामा उदासीन देखिन्छन् । अझ शिक्षित र सहरिया आमाहरूले नै आफ्ना सन्तानलाई पूर्ण स्तनपान नगराएको पाइन्छ । पूर्ण स्तनपान अर्थात् ६ महिना पूरा नभएसम्म आमाको दूध मात्र चुसाउनु र बच्चा ६ महिना पूरा भएपछि कम्तीमा दुई वर्षसम्म आमाको दूध खुवाइराख्नुपर्ने भए पनि अधिकांस आमाहरु शरीरको सौन्दर्य बिग्रिन्छ भन्ने भ्रमले पूर्णरुपमा खुवाउन चाहदैनन् ।



तानसेनमा कोठा भाडामा बस्दै आएकी गुल्मीकी इन्दु थापा (नाम परिवर्तन)ले एक वर्ष अघि पहिलो सन्तानको रुपमा छोरीलाई जन्म दिएकी थिएन । छोरी जन्मिएको दुई/तीन महिना त नियमित दूध खुवाईन तर तीन महिनापछि भने उनले शरीर बिग्रने डरले नियमित दूध चुसाउन छोडिन् । थापाले दूध ठेक्का लगाएर छोरीलाई खुवाइन । 'लामो समयसम्म बच्चालाई दूध चुसाउदा शरिर बिग्रन्छ भन्छन्, त्यसैले मैले त दुई महिनासम्म त म आफै खुवाएँ, पछि भैसीको दूध खुवाएकी हुँ' उनले भनिन् । थापा त केही प्रतिनिधि पात्रा मात्रै हुन् । उनी जस्तै पछिल्लो पुस्तका आमाहरु शरीर बिग्रने डरले पूर्ण स्तनपान नै गराउदैनन् । शरीरलाई फिट्नेस र सौन्दर्य राख्ने सौखिन महिलाहरुले आफ्ना बच्चाहरुलाई पूर्ण स्तनपान गराउने मामिलामा कमजोर देखिन्छन् । तर चिकित्सकहरु भने बच्चालाई दूध चुसाउँदैमा शरिर नबिग्रने बताउँछन् । बच्चालाई स्तनपान गराउँदा न आमाको शरीर बिग्रिन्छ न स्वास्थ्य, बरु नियमित स्तनपान गराउने आमा सुन्दर र स्वस्थ हुने तानसेनस्थित युनाइटेड मिसन अस्पतालका बालरोग विशेषज्ञ तथा बाल रोग विभाग प्रमुख डा. विकासराज अधिकारीको भनाई छ । 'कतिलाई स्तनपानले शरीरको सौन्दर्य बिग्रिन्छ भन्ने भ्रम छ । यो भ्रम मात्र हो । स्तनपान गराउने नगराउनेभन्दा बढी सुन्दर हुन्छन्' डा. अधिकारी भन्छन् । 'बच्चालाई नियमित स्तनपान गराउनेको स्तन चाँडै नै पहिलैकै जस्तो सामान्य आकारमा फर्किन्छ, जुन कुरा धेरैलाई थाहा छैन,।' नियमित स्तनपान गराइएका बच्चा पूर्णरुपमा स्वस्थ हुने डा. अधिकारीले बताए । नियमित स्तनपान गराउने आमाहरुमा स्तन क्यान्सर, ओभरी क्यान्सर, हाइ ब्लड प्रेसर जस्ता रोगहरुको जोखिम नहुने समेत उनको भनाई छ ।

**कामकाजी आमाहरु समेत पूर्ण दूध चुसाउदैनन्**

तानसेनकी मञ्जु कार्की सरकारी जागिरे हुन् । आफ्नो छोरालाई ५ महिना पनि पूरै दूध खुवाइनन् । कार्यालय जानुपर्ने भएकाले उनले छोरा जन्मिएको ४ महिनापछि बहिनीको साथमा छोडेर हिड्नुपर्‍यो । 'कार्यालयबाट घर आउने समयको टुंगो नहुँदा छोरालाई पुरा समय आफ्नो दूध खुवाउन पाइन्, लामो समयपछि आफै सुक्दै गयो । चाहेजति दूध खान नपाएपछि छोराले आफै खान छोड्यो । ल्याक्टोजिन, डेरीको दूध, सेरलेक्स खाएरै छोरो हुर्कियो,' उनले भनिन् । आमाको दूध पर्याप्त खान नपाएकाले होला छोरोलाई सानै बिमारले पनि समाइ हाल्ने कार्कीले बताईन । उनी मात्रै हैन कामकाजी महिलाहरू आफ्ना नवजात शिशुलाई कामको व्यस्तताले स्तनपान गराउदैनन् । दिउँसो कार्यालयको काममा जाने आमाहरुका लागि बच्चालाई स्तनपान गराउन कठिनाइ हुने गरेको छ । महिला कर्मचारीले दुई महिना सुत्केरी विदा पाउने गरेका छन् तर, बच्चालाई ६ महिनाभन्दा बढी आमाको दूध नियमित चुसाउनुपर्ने डाक्टरहरुको सल्लाह छ । यस्तो अवस्थामा कार्यालयहरुमा 'डे केयर सेन्टर' स्थापना गर्न, धाई आमाको व्यवस्था गर्न र बेलाबखत महिला कर्मचारीले त्यहाँ गएर दूध चुसाउँदै कार्यालयको काम गर्न पाउने सुविधा उपलब्ध गराइनुपर्ने आवाज समेत उठ्ने गरेको छ । स्तनपान गराउने उद्देश्यले हरेक वर्ष अगस्ट पहिलो हप्ता स्तनपान सप्ताह मनाउने गरिन्छ । यस वर्ष पनि आजदेखि स्तनपान सप्ताह सुरु हुँदै छ, तर शिक्षित आमाहरु नै स्तनपान गराउने विषयमा त्यत्ति जागरुक छैन् । बच्चा जन्मेदेखि ६ महिनासम्म पूर्ण स्तनपान गराउनुपर्ने विज्ञहरू बताउँछन् । जन्मेको एक घण्टाभित्र स्तनपान गराउनेको संख्या बढ्दो भएता पनि ६ महिनासम्म स्तनपान गराउने आमाको संख्या घट्दै गएको तथ्यांकले देखाएको छ । ६ महिना अवधिसम्म सुत्केरी आमामध्ये ५६ प्रतिशतले मात्रै पूर्ण स्तनपान गराउँछन् भने ४४ प्रतिशत कृत्रिम दूध वा गाईभैंसीको दूध खुवाउँछन् । त्यस्तै, शिशु जन्मिएको एक घण्टाभित्र स्तनपान गराउनेको संख्या ५५ प्रतिशत छ । आमाहरूले कामकाज गर्न घरमा बच्चा छोडेर जानुपर्ने बाध्यता छ । सरकारले हरेक वर्ष जनचेतनामूलक कार्यक्रम आयोजना गर्छ, तर पर्याप्त जानकारी पाएका सचेत आमाहरू नै नवजात शिशुलाई स्तनपान गराउँदैनन् । अर्काको देखासिखी, विभिन्न भ्रामक विज्ञापनको प्रभाव र आफ्नै अहंले गर्दा पनि जानी-जानी शिक्षित मानिएका आमाहरू नै सन्तानको स्वास्थ्यमा ध्यान दिँदैनन् ।

## आम्दालाई मेडिकल कलेज बनाउने प्रस्ताव लैजादै

**बुटवल,** साउन १६/बुटवलमा रहेको सिद्धार्थ बाल तथा महिला अस्पताल आम्दालाई मेडिकल कलेज बनाउने प्रस्ताव अन्तर्राष्ट्रिय सभामा लैजाने तयारी भएको छ । आम्दालाई मेडिकल कलेज बनाउनका लागि इन्डोनेशियाको बालीमा हुने आम्दा इन्टरनेशनलको अन्तर्राष्ट्रिय सभामा प्रस्ताव लगिने भएको हो । सभाले अनुमोदन गरेपछि बुटवलमा आम्दा इन्टरनेशनल मेडिकल कलेज बन्ने प्रक्रिया शुरु हुने जनाइएको छ । प्रस्ताव लैजाने विषयमा बुटवलमा रहेको स्थानीय व्यवस्थापन समिति र आम्दा नेपालले निर्णय गरिसकेका छन् ।

स्थानीय व्यवस्थापन समितिका अध्यक्ष तथा बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेयको अध्यक्षता र आम्दा इन्टरनेशनलका अध्यक्ष डा.सिगेरु सुगानामीको उपस्थितिमा बुधबार बसेको बैठकले बुटवलमा आम्दा इन्टरनेशनल मेडिकल कलेज स्थापनाका लागि प्रक्रिया अगाडि बढाउने निर्णय गरेको हो । जसका लागि नगर प्रमुख पाण्डेयको संयोजकत्वमा ५ सदस्यीय कार्यदल बनाइएको छ । जसको सदस्यमा आम्दा इन्टरनेशनलका प्रतिनिधि अर्चना जोशी, आम्दा नेपालका अध्यक्ष डाक्टर सुनु दुलाल, बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्याल र आम्दा अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट डा. विनोद पराजुली सदस्य सचिव रहेका छन् । आम्दा इन्टरनेशनलको सहकार्यमा स्तरोन्नति भइरहेको अस्पताललाई थप व्यवस्थित गर्दै जनशक्ति उत्पादन र उपचारलाई सँगै अगाडि बढाउन मेडिकल कलेजका रुपमा अगाडि बढाउन लागिएको स्थानीय व्यवस्थापन समितिका अध्यक्ष तथा बुटवल उपमहानगरपालिकाका प्रमुख पाण्डेयले बताए । उनले आम्दा अस्पताललाई यस क्षेत्रकै सुविधासम्पन्न अस्पताल र स्वास्थ्य क्षेत्रको जनशक्ति उत्पादन गर्ने कलेजका रुपमा स्थापित गर्ने योजनाअनुसार काम भइरहेको बताए । आम्दा इन्टरनेशनलका अध्यक्ष डाक्टर सुगेरु सुगानामीले बुटवलमा मेडिकल कलेज स्थापना गर्न पाउनु आम्दाका लागि गौरवको कुरा हुने बताए । यस्तै सदस्य संस्था बुटवल उद्योग बाणिज्य संघका अध्यक्ष हरि प्रसाद अर्यालले हाल सम्म आम्दा अस्पतालको विकासका लागि सहयोग गर्दै आएको बताउदै आम्दा इन्टरनेशनल मेडिकल कलेज निर्माणका लागि संघको तर्फबाट आर्थिक सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे ।

## भैरवस्थानमा सञ्चालित एकादशी महात्म्य कथासँगै रुद्री र वेद पाठ सकियो

**पाल्पा,** साउन १६/जिल्लाको रिब्दीकोट गाउँपालिका-४, भैरवस्थानस्थित पाल्पा भैरव मन्दिरमा सञ्चालित एकादशी महात्म्य कथावाचनसँगै लघु रुद्री र वेद पाठ सकिएको छ । मन्दिर व्यवस्थापन समितिको आयोजनामा भएको कथावाचनसँगै लघु रुद्री र वेद पाठ विधिपूर्वक बुधबार सकिएको हो ।



मन्दिरले हरेक वर्ष आषाढ शुक्ल एकादशीका दिनदेखि एकादशी माहत्म्य कथा वाचन गर्दै आएको छ । सो कथा वाचनसँगै लघु रुद्री पाठ र वेद पाठको समापन एकै दिन गरिएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष गोविन्द्र बहादुर पोखरेलले बताए । यस अवधिमा भगवान् श्री पुरूषोत्तमको पूजाअर्चना र मन्दिरमा हुने दैनिक पूजाआजासंगै चर्तुमान अवधिभर विषेश पूजाअर्चना गर्ने गरिन्छ । समितिले यस वर्ष १८ जना पण्डितमार्फत लघुरुद्री र वेद पाठ गराएको हो । विगतमा सामान्य रुपमा गर्दै आएको रुद्री पाठ यस पटक भने भव्य रुपमा गरिएको छ । मन्दिरमा आउने भक्तजनहरुले समेत रुद्रीको पूजा गरेका छन् । घरघरमा रुद्रीको पूजा गर्दा धेरै खर्च लाग्ने र मन्दिरमा त्यस्तो ठूलो खर्च नहुने नभएकाले भक्तजनहरु समेत सो धार्मिक कार्यमा सहभागी भएका थिए । पुजामा सहभागी हुन पुगेका कृष्ण खड्काले पहिलेदेखि नै दर्शनको लागि मन्दिरमा आउने इच्छा थियो तर बुधबार रुद्री पाठ समेत हुन्छ भन्ने थाहा पाएपछि आएको बताए । उनले मन्दिरको दर्शन पनि हुने र रुद्रीको पूजा समेत गर्न पाउदा अत्यन्त खुसी लागेको उल्लेख गरे । पोखरेल नेतृत्वको मन्दिर व्यवस्थापन समितिले मन्दिरमा विगतदेखि हुँदै आएका परम्परागत पुजा पाठलाई थप व्यवस्थित गर्दै आएको छ । यहाँ मन्दिरको वास्तु पुजा समेत नभएको अवस्थामा समितिले गत वर्ष साप्तिक र तान्त्रिक विधिद्वारा मन्दिरको वास्तु पूजा समेत गराएको छ । पूनर्निमाणपछि विविध कारणले रोकिएको पूजा गरिएको हो । कुनै पनि घर वा भवन बनाउदा होस् वा त्यसको पुनर्निर्माण गर्दा किन नहोस् वास्तु पूजा गर्ने चलन रहेको छ । घर, भवन विधिवत् वास्तुशास्त्र अनुसार अगाडि बढायो भने त्यसको सकारात्मक प्रभावले जीवनमा आनन्द, सुख, शान्ति, समृद्धि प्राप्ति हुने विश्वास रहेको छ । भैरव मन्दिर आफैमा धार्मिक र ऐतिहासिक पर्यटकीय स्थल हो । धार्मिक आस्था बोकेका मानिसहरु मन्दिरमा दर्शन गर्ने र दुःखसुखमा देवीलाई पुकारा गर्छन् ।

-बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवजनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## स्तनपान सप्ताहको सन्दर्भ

आमाले शिशुलाई जन्म दिएपछि आफ्नो स्तनबाट निस्कने प्राकृतिक दूध चुसाउने क्रिया नै स्तनपान हो । गर्भाधारणको प्रक्रियासँगै आमाको स्तनमा दूध बहन्न थालेको हुन्छ । पहिलो बिगौते दूध बच्चाको लागि अमृत समान हुन्छ, त्यसले बच्चालाई धेरै रोगहरूबाट लड्न सक्ने प्रतिरोधात्मक क्षमता बढाउँछ । आमा र बच्चामा हुने विभिन्न फाइदाहरुलाई मध्यनजर गर्दौ सन् १९९० मा युनिसेफ, विश्व स्वास्थ्य संगठन तथा वर्ल्ड अलाएन्स फर ब्रेस्टफिडिङ एक्सनको सहयतामा इनोसेन्टी धोषणा गरिएको थियो । उक्त घोषणा पश्चात् सन् १९९२ देखि अंग्रेजी महिना अगस्ट १ देखि ७ सम्म विश्व स्तनपान सप्ताह मनाउन थालिएको हो । आजदेखि विश्व स्थनपान सप्ताह मनाउन लागिएको छ । स्तनपान सप्ताह एक वार्षिक उत्सव हो । जीवनको पहिलो ६ महिनाको लागि पूर्ण स्तनपानलाई बढवा दिने लक्ष्य लिएर आएको यस साताव्यापी उत्सवको उद्देश्य नयाँ आमाबुबाहरूको बिच जागरूकता पैदा गर्न र संसारभरमा शिशु स्वास्थ्यमा सुधार गर्नु हो । बच्चा जन्मेको जति सक्दो छिटो वा एक घण्टाभित्र स्तनपान गराउनु, पूर्ण स्तनपान अर्थात् ६ महिना पूरा नभएसम्म आमाको दूध मात्र चुसाउनु र बच्चा ६ महिना पूरा भएपछि थप पौष्टिक आहारा सुरु गरी कम्तीमा दुई वर्षसम्म आमाको दूध पनि खुवाइराख्नु स्तनपानको मूल सन्देश हो ।

आमाको दूधले बच्चालाई झाडापखाला, श्वासप्रश्वास र अन्य संक्रमणबाट बचाउँछ । सजिलै पचाउन सक्ने आमाको दूधले शिशुको वृद्धि विकासमा ठूलो मद्दत पुऱ्याउँछ । पूर्ण स्तनपान गराएको बच्चाको बौद्धिक विकास पनि राम्रो हुन्छ, तर पछिल्लो समय जन्मेदेखि नै आमाको दूधसँगसँगै बजारमा पाइने दूध समेत खुवाएको पाइन्छ । सचेतनाको अभावका कारण धेरै आमाहरुले आफ्नो दूध आएन भनेर बजारबाट लिएको पाउडर वा डेरीबाट ल्याइएको दुध खान दिने गरेको पाइन्छ । यस्तो गलत हो । सजिलोको लागि पाउडर दूध खुवाउने र कतिपय स्वास्थ्यकर्मीले सुरुमै नवजात शिशुलाई पाउडर दूध खुवाइदिने चलन छ । यसो गर्नु राम्रो होइन् । बजारमा आउने पाउडर दूध प्रतिबन्ध नै लगाउनु पर्छ । यसका लागि स्थानीय सरकारले जनचेतनाका कार्यक्रम गर्नुको साथै आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु बिक्री वितरण नियन्त्रणका लागि कडाई गर्नुपर्छ । यसो गर्न सकियो भने मात्र स्तनपान सप्ताह मनाउनुको सार्थकता रहन्छ ।

### Opinion @ Social Network

ऋणले टुपी डुबाएपछि नाता हरायो, बचत गर्न नसकेपछि खाता हरायो
सम्पन्न थिएँ र त कर्जा दिन ताँती लाग्थ्यो, गरिवीको सूचना छायपछि दाता हरायो !
*(बिनोद थापाकोफेसबुक स्टाटसबाट www.facebook.com//Binod.Thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# साँच्चै टिक्ला त काँग्रेस–एमाले सहमति ?



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

*नेपालका सरकार निमार्ण र परिवर्तन गर्नमा दुई छिमेकी राष्ट्रहरुको स्वार्थ बाँभिएको हुन्छ । अझै भन्नु पर्दा नेपालको सरकार निमार्ण, सरकारमा सहभागी दलहरुको संयोजन, क–कसलाई मन्त्री बनाउने भन्ने कुरामा छिमेकी राष्ट्रको दौडधुप र भूमिका रहने गरेको विगतमा आरोप प्रत्यारोप लागेको सुनिन्थ्यो । तर यो पटकको सरकार निमार्णमा दुई छिमेकी राष्ट्रहरुको इच्छा विपरीत नेपालकै राजनीतिक दलकै इच्छा र छलफलमै यो सम्भव भएको हो भन्ने सुनिने गरेको छ । यो पटकको सरकार निमार्णमा छिमेकी दुवै देशको प्रभाव खासै परेको देखिदैन् । यो सरकार निमार्णले केहि स्वार्थ समुहलाई निराशा उत्पन्न गराएता पनि स्थिरतासँगै देश विकासको सपना देखेका आमनागरिकमा भने सकरात्मक सन्देश दिएको देखिन्छ ।*

निरन्तर दशकौदेखि चलिरहेको राजनीति अस्थिरताको बिच नागरिकमा उत्पन्न निराशालाई अन्त्य गर्ने उद्देश्यका साथ गत महिना रातारात नेपालका दुई ठूला राजनीतिक दलहरुबिच सत्ता सहकार्य सहितको विविध पक्षमा सहमति भयो । यस कुराले राजनीति अस्थिरता र सरकार परिवर्तनको खेलले वाक्क दिक्क भएका जनतामा केही सकरात्मक सन्देश सिर्जना गऱ्यो । नयाँ सहमतिसँगैको नयाँ सरकारले गति लिदै गर्दा यो सहकार्यप्रति भने विभिन्न आशंका र बहस भएको देखिन्छ । राजनीति बृत्तमा स्थियी शत्रुको रुपमा परिचित फरक सिद्धान्त बोकेका नेपाली काँग्रेस र एमाले दुई ठूला दलको सहकार्यलाई लिएर आशंका गर्नु पनि स्वभाविक नै देखिन्छ । यी दल यो पटक मात्रै मिलेका भने पक्कै होइनन् । विगतमा मिलनको गर्विलो एतिहास यी दलले बनाई सकेका छन् । देशका लागि मिल्नै पर्ने आवश्यक परेको बेलामा यी दुई दल मिल्दा सकरात्मक परिणाम पनि विगतमा प्राप्त भएकै देखिन्छ । राजनीति अस्थिरता र दशकौंदेखि समाधान हुन नसकेका विविध राष्ट्रिय समस्या र मुद्दाहरुको अन्त्य, संघीयताको सफल र व्यवस्थित कार्यन्वयनका लागि फेरि एक पटक मिल्नु जरुरी देखिन्थ्यो त्यो अहिले पुरा भएको छ । दुई दल आफै मिले वा अन्य कुनैले मिलायो त्यो बहसको विषय होइन तर यी दलहरुको मिलनले देश र जनतामा के कस्तो सकरात्मक सन्देश छोड्दछ त्यो बहसको विषय हो । अन्य राजनीतिक दलहरुले जस्तो विभिन्न वहाना बाजी गरेर उम्कने छुट यी दलहरुलाई भने पक्कै देखिदैन् । यहाँ यसैसँग सम्बन्धित विविध पक्षलाई लिएर चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

नेपालका सरकार निमार्ण र परिवर्तन गर्नमा दुई छिमेकी राष्ट्रहरुको स्वार्थ बाँभिएको हुन्छ । अझै भन्नु पर्दा नेपालको सरकार निमार्ण, सरकारमा सहभागी दलहरुको संयोजन, क-कसलाई मन्त्री बनाउने भन्ने कुरामा छिमेकी राष्ट्रको दौडधुप र भूमिका रहने गरेको विगतमा आरोप प्रत्यारोप लागेको सुनिन्थ्यो । तर यो पटकको सरकार निमार्णमा दुई छिमेकी राष्ट्रहरुको इच्छा विपरीत नेपालकै राजनीतिक दलकै इच्छा र छलफलमै यो सम्भव भएको हो भन्ने सुनिने गरेको छ । यो पटकको सरकार निमार्णमा छिमेकी दुवै देशको प्रभाव खासै परेको देखिदैन् । यो सरकार निमार्णले केहि स्वार्थ समुहलाई निराशा उत्पन्न गराएता पनि स्थिरतासँगै देश विकासको सपना देखेका आमनागरिकमा भने सकरात्मक सन्देश दिएको देखिन्छ । दुई मुख्य राजनीतिक दलको मिलनलाई विभिन्न आशंकाको रुपमा अन्य राजनीतिक दलले लिएको र उनीहरुमा एकातिर संविधान शंशोधनको त्रास देखिन्छ भने अर्को तर्फ दुई ठूला दलहरुले अन्य साना राजनीतिक दलहरुसँग चुनावी गठबन्धन नगर्ने कुरामा प्रतिवद्ध भए भने साना दलको अस्तित्व के हुने भन्ने कुरामा पनि रहेको देखिन्छ । जे सुकै भएता पनि चुनावको परिमाण लगतै काँग्रेस एमाले सहितको स्थिर सरकारको चाहना र बहस नेपाली जनताले गरेको देखिन्थ्यो । तत्कालीन समयमा यो पुरा हुन सकेन तर करिव १८ महिना अवधि पछि त्यो चाहना भने दुई राजनीतिक दलहरुले पुरा गरेका छन् ।

**किन भयो सहकार्यको सहमति ?**

दुई ठूलादलको गठबन्धनलाई माओवादी र रास्वपाले भ्रष्टाचारको फाईल खुल्ने डरले भएको भने आरोप लगाएका छन् । केहि हदसम्म त्यो पनि सत्य नहोला भन्न सकिदैन् । किन भने विभिन्न काण्डहरुको चर्चाकाबिच सरकार परिवर्तनलाई यस पक्षसँग जोड्नु विपक्षको धर्मको रुपमा नै लिन सकिन्छ । त्यो भन्दा बढी महत्व स-साना दलको सत्ताका लागि गरिने बार्गेनिङ र पदका लागि गरिने लेनदेन, हानथाप र जसको कारण सरकार परिवर्तनको अवस्था रहिरने, राजनीतिक अस्थिरता कायम भैरहने अवस्था रहयो ।

एकातिर माओवादी केन्द्रका अध्यक्ष प्रचण्डको अस्थिर चरित्र, एमाले काँग्रेसलाई खेलाइ रहने र आफु सत्तामा बसिरहने प्रवृत्ती अपाच्य हुँदै गएको थियो भने अर्कोतर्फ माओवादीबाट धोका पाएकाहरु एक हुनु पर्ने आवाज पनि बलियो हुँदै गईरहेको थियो । आमजनताको चाहना पनि काँग्रेस एमाले मिल्नु पर्ने र राजनीतिक स्थिरता दिनुपर्ने र दशकौदेखि थनकिएका जल्दा बल्दा समस्याहरुलाई निश्कर्षमा पुऱ्याउनु पर्ने थियो । हुन पनि यी दुई दल दुई तिर रहँदासम्म देशमा अस्थिरता बढ्दै गहिरहयो भने देशले गति लिन नै सकेन भने जल्दा बल्दा समस्या समाधानमा राष्ट्रिय सहमति हुनै सकेन । देश सधै संक्रमणकालिन अवस्थामा हिड्नु पर्ने देखियो भने संघीयता कार्यान्वयनका लागि गर्नै पर्ने काम बनाउनै पर्ने नीति नियम बनाउन नै सकिएन । यस कारण पनि दुई ठूला दल मिल्नु जरुरी देखिन्थ्यो । दुई दलको मिलन राष्ट्रिय सहमतिका लागि भनिएता पनि माओवादी प्रचण्डको दुई ठूला दल माथि राज गर्ने पछिल्लो समय विकास भएको प्रवृत्तीको अन्त्य गर्नु नै मुख्य रहेको देखिन्छ । पछिल्लो समय प्रचण्डका कारण नै छोटो-छोटो समयमा सत्ता गठबन्धनमा परिवर्तन भैरहेको थियो ।

प्रचण्डको इमान र नैतिकता माथि प्रश्न चिन्ह उत्पन्न भएको थियो । विगतमा एमाले माओवादी सहकार्य असफल भैसकेको र सोहि कारण संविधान विपरित दुई पटक संसद विघटनको नमिठो घटना सिर्जना भएको थियो । एमाले माओवादीबिचको विवाद सडकसम्म आइपुगेको थियो सोही कारण एमालेमा माओवादीप्रति प्रतिशोधको इगो रहिरहेको थियो यो एक कारण हुनसक्दछ ।

माओवादी माधव कुमार नेपाल छोड्न नसक्ने ओली माधव नेपाललाईसँगै देख्न नसक्ने ओली - माधव नेपाल बेमेलक अर्को कारण बन्न पुग्यो दुई ठूला दलको मिलन । पछिल्लो समय एमाले माओवादीबिच एकिरणसहित सत्ता सहकार्यको सहमति भएको थियो भने पाटीएकिरण भएमा एमालेका केहि प्रभावशाली नेतालाई पद छोड्नु पर्ने अवस्था पनि आउन सक्दथ्यो सोहि कारण पनि ओलीका नजिकका मानिने नेताहरु माओवादीसितको सहकार्य तोड्न जाहन्थे जसको कारण पनि दुई दल मिल्ने वातावरण तयार भएको अनुमान लगाउन सकिन्छ ।

**सहकार्यको सहमति आवश्यक थियो त ?**

ठूला दल मिल्दैमा देश जादुको छाडि जस्तो आमुल परिवर्तन हुन्छ । सबै समस्या समाधान भएर जान्छ त्यसमा अन्य साना दलको भूमिका र महत्व रहँदैन भन्ने पनि हुदैन् । तर ति स-साना राजनीतिक दलहरुको मिलनले अस्थिर र छिन छिनको सत्ता परिवर्तनको बेथितीलाई साथ दिदै गएको भने पक्कै देखिन्छ । साँच्चै काँग्रेस-एमाले सहकार्य देश र जनताका लागि की फेरि एक थान सरकार र प्रधानमन्त्रीका लागि भन्ने कुरा समयले देखाउला तर एक आपसमा मिलेर लामो समय देखि थाती रहेका मुद्दाहरु समाधान गरी देशलाई लयमा फर्काउनु पर्ने दायित्वबाट बिमुख हुन छुट पनि देखिदैन् । सयौं ऐन, नीति नियम निमार्ण प्रक्रिया अलपत्र छ । आर्थिक रुपमा देश सन्तोषजन अवस्थामा देखिदैन् । राजनीतिक अस्थिरता र सरकार परिवर्तनका कारण आन्तरिक तथा बाह्य लगानीकर्ताले विश्वास गुमाउदै गएको देखिन्छ । वित्तीय अनुशासन कायम गर्न सकिएको छैन् । कर्मचारीतन्त्रले काम र जिम्मेवारीप्रति दायित्व र कर्तव्यबोध गर्न सकेको देखिदैन् । खर्च व्यवस्थापन र यसमा मितव्ययीता अपनाउन नसकदा सार्वजनिक ऋण बढ्दै गहिरहेको देखिन्छ । प्रदेश आवश्यक हो की हैन्? मन्त्री, सासद, समानुपातिक, समावेशिता, विभिन्न निकाय र तहका दरबन्दी व्यवस्थापन, राज्य संरचना माथि सुधार गर्न, शाशन प्रणाली आदिमा छलफल गरी निष्कर्षमा पुग्नु पर्ने जरुरी देखिन्छ । यसका लागि बहुमत, दुई तिहाई मत आदि आवश्यकताकाबिच दुई ठूला दल एकै ठाउँ हुनु आवश्यक थियो । त्यो आवश्यकता भागबण्डा, नियुक्ती र आफु अनुकुल निर्णयमा केन्द्रीत नभै उल्लेखित पक्षको सुधारमा हुनु जरुरी देखिन्छ । यसो हुन सकेका दुई दल बिचको सहकार्यले सार्थकता पाउने देखिन्छ ।

**निष्कर्ष :**

विभिन्न चुनौतीको चागबिच दुई ठूला दलको मिलनलाई केहि पक्ष र तत्वहरुबाट आशंकाका रुपमा हेरेता पनि आम जनताले भने एक महत्वपूर्ण अवसरका रुपमा लिएका छन् । विद्यमान समस्याहरुको समाधान गर्ने प्रमुख दायित्व पनि यी नै दलहरुमा रहेको देखिन्छ । सत्ता सञ्चालनको मोहमा परेर विभिन्न स्वार्थ समूहको उद्देश्य अनुकुल सहकार्य र सहमति तोड्ने छुट यी दलहरुलाई देखिदैन् । यी दलको मिलन केवल सत्ता सञ्चालनका लागि मात्रै नभएर राज्य सञ्चालनको महत्वपूर्ण कार्य दिशा तय गर्दै विद्यमान देखिएका समस्या समाधानका लागि हुनुपर्दछ । विभिन्न काल खण्डमा एकै ठाउँ रहेर महत्वपूर्ण भूमिका निर्वाह गरेका यी दलले फेरि प्राप्त अवसरलाई सहि सदुपयोग गरुन्, जनताबाट भरोसा र विश्वास जित्न सकुन । यो सत्ता सहकार्य पनि ५/६ महिनाका लागि हो भन्नेहरुका लागि गलत भाष्य प्रमाणित गर्न सकुन यहि कामना गरौं । ***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२१११९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कला र गलाको प्रभाव बढ्नेछ । अचल सम्पत्ति हात पर्ने योग छ । | **तुला** : नयाँ वस्त्र प्राप्ति हुनेछ । सामाजिक र धार्मिक कार्यबाट सन्तोष मिल्नेछ । |
| **वृष** : आफ्नो विचार विपरित निर्णय हुनेछ । कामहरू अधुरै रहलान् । | **वृश्चिक** : राजनीति अधिकारमा सफलता मिल्नेछ । प्रभावित पारेर काम बन्नेछ । |
| **मिथुन** : नयाँ कामको थालनी हुनेछ । वैदेशिक कार्य अघि बढ्नेछ । | **धनु** : शिक्षामा सफलता मिल्ला । धनमाल पनि हात लाग्न सक्नेछ । |
| **कर्कट** : अतिथिको रूपमा सत्कार पाइएला । आफन्तको सहयोग प्राप्त हुनेछ। | **मकर** : चिन्ताले सताउने छ । नजिकका व्यक्तिहरुसँग झगडा पर्न सक्नेछ । |
| **सिंह** : अरुलाई प्रभावित पारेर काम बन्नेछ । कार्य क्षेत्रमा प्रगति हुनेछ । | **कुम्भ** : लगनशीलताले कामहरू अगाडि बढ्नेछन् । व्यवसायमा लाभ नै मिल्नेछ । |
| **कन्या** : मनमा शंका उत्पन्न हुनेछ । अनावश्यक धन खर्च हुनेछ । | **मीन** : लगानीको वातावरण बन्नेछ । मुद्दा मामिलामा सफलता पाइनेछ । |




कथा — भोज अर्याल

# घोप्टे भिरको घर

घोप्टे भिरको अलि तल पट्टि, भनौं काख्खैमा एउटा सानो बस्ती छ । हेर्दा ढल्नै लागेको हो कि जस्ता लाग्ने चार वटा घर छन् । पारि पट्टि लमतन्न ठूलो पहिरो छ । तर ती घर लैजान सकेको छैन । कुन शर्तले गर्दा हो थाहा छैन, घर खडै छन् । भगवान् नै जानुन् ! जंगलको मुख्खै नेर अलि डर लाग्दो छ । बेलुका पख बुढापाका त डराउककंछन् बाहिर निक्लिन । केटाकेटीको त भन् कुरै छोडौं ।

कात्तिक महिनाको अन्तिम दिन अलि छिट्टै अँध्यारो भयो शायद । आकाशमा कालो बादलले छोपेर अलि धुम्म छ । तल बाटैबाट कोही मधुर स्वरले गीत गाउँदै उकालो चढेको भैँ लाग्छ । एकै छिनमा सुन्तली घरको छेवैमा पुगिन् र ढुङ्गा भन्दा पनि गह्रुँगो चिसो धानको बोरा पिँढीमा बजार्ने गरी फालिन् । भित्रबाट 'को हो को ?' भन्दै केटाकेटी उछिट्टिँदै बाहिर आए । सास फुलेर होला उकालो चढ्दा ऊनी बोल्न पनि सकिनन् । घरको बाहिर कुनामा मैरोको तल पुगिन् टाउको बाङ्गो गर्दै । घैंटोबाट सारेर एक अम्खोरा हिउँ जस्तै चिसो पानी घटघट पारिन् । पर दलानमा पुगेर भुइँमा पसारिएर बसिन् । सुइँय सुस्केरा काढेर । एक सुरले भुतभुताउन थालिन्, 'बैगुनीले छोडेर गयो । मलाई मात्रै.. । उस्का सन्तान हुर्काउने ठेक्का लिएकी छु र मैले मात्रै...।' दशैंको टिका घरमै सही सलामतले लगाएका हुन् । बुढा सासू ससुराको हातको टिका पनि लगाएका थिए । ससुराली पुगेर जहानसककंगै । तर पूर्णिमाको भोलिपल्ट आइपुगेको तिहार नभनेर हिंडेछन् सन्तराम । एका बिहानै भिसमिसेमै । हाँसीखुशी सककंगै खाना खाएर सुतेका थिए सन्तराम । बिहान घरमा नभेटेपछि सुन्तली ठूलो सन्तापमा परिन् । केही गर्न नसक्ने भइन् दुई-चार दिन । अन्न न पानी भएर बाँच्ने भइन् । छरछिमेकले सम्झाइ-बुझाइ गर्दा बल्लबल्ल मन कसेर बसिछन् । बालबच्चाको मुख हेरेर । तर नराम्रो झट्का रहिरहेको रहेछ मनमा । जुन कुरा सुन्तलीले लुकाउन पनि सकिनन् धेरै पछि सम्म । सन्तराम फाटेर झल्लु परेको कमिज र दश ठाउककंमा टालेको पाइन्ट भिरेर भाले नबास्दै हिंडेका हुन् रे । कात्तिक मासको ठिहीमा चप्पल मात्रै लाएर । बिहानै हिंड्दा पधेर्नीहरूले देखेका हुन् रे तर ऊनी घोसेमुन्टो पारेर बोल्दै नबोली बाटो काटेका रहेछन् । सबै कुरा सुन्तलीलाई पल्लाघरे साइँलीले भनेकी रहिछन् । उता दिन र महिना बित्यो, सन्तराम आएनन् घर फर्केर । दुईचार महिनामा गाउककंकै एक जना छिमेकी मुलुक बसेर घर फर्किंदा खबर बोकेर आएछन् । सन्तराम त दिल्लीमा दशा देखाउन पो पुगेका रहेछन् । शुरू कै दिनमा जाडोले कठ्ठेर धन्न मरेनछन् । तर अलि पछि काम पाएर मुखमा माड हाल्ने मेसो गरेर उतै बसेर जुनी काट्ने निधो गरेछन् । ढुङ्गा कै रहेछ उनको मन पनि । घर परिवार पन्छाएर एक्लै बाँच्ने रहर ।

यता सुन्तली अब एक्लै भइन् । समय बित्दै गयो । बाल बच्चा पालेर बस्नुको विकल्प रहेन । सानो झुपडीमा बस्छिन् । चारवटा बारीका पाटाहरू छन् । सन्तरामले पहिले नै बेचेर खाइसकेका रहेछन् । मुश्किलले चार महिना पुग्दो हो खान । घरमा पुरुष नभए पनि मन सानो पारिनन् सुन्तलीले । जवानीका रहर त कति थिए होलान् तर मन अन्त डुलाइनन् । जिम्मेवारीबाट पछि हट्ने सुर गरिनन् । मानिसहरू पनि अचम्म पर्थे उनको हिम्मत हेरेर । एकदुई वटा भैंसी, बाखा तथा कुखुरा चल्ला पालेकी थिइन् । बाल्बच्चाहरू पाल्न हड्डी घोटेरै अरूको काम गर्थिन् । मात्र जीवन कटिरहेको छ । छेलोखेलो थिएन । बा भनेर बोलाउँदा बच्चाहरू विदेशिएका बा सम्झन्थें । तर सन्तराम आएनन् । सन्तानको मायाले हिरिक्क हुन्थे सन्तराम । उसो त सुन्तलीलाई पनि माया गर्थे । झैँझगडा पर्थेन खासै । तर किन हो खै मन नै भाँच्चिएर हिंडेका सन्तराम ? सुन्तलीको दुखकष्ट कसले बुझुन्, एक पटक दाउरा काट्दा भीरमा चिप्लेर धन्नै मरिनन् । वर्षाको भेलमा पहिरोले घर नै लैजाला भैँ गर्यो । छोराछोरी छिमेकीको घरमा लगेर बचाइन् मध्य रातमा पनि । कहिले वैशाखको धूपमा जंगलको आगोले घर नै खान खोज्थ्यो । तर ऊनी गाग्रोमा पानी बोकेर छानोमा पुगेर बस्थिन् । बेऊनी भैंसी पाडो उल्टा परेर पनि बचाइन् । दुख गरेरै पनि कहिल्यै भोकै राखिनन् आफ्ना बचेरा जस्तै सन्तानलाई । पुरुषको जिम्मेवार वहन गर्दागर्दै पनि घरको छानो चुहिंदा छाउन कोसिस गरिनन् । हलो जोत्न खेतमा पसिनन् । महिलाले यी काम गर्न हुन्न भन्ने सामाजिक मान्यता तोड्न मानेन उनको मनले । बरु अर्मपर्म गरेरै काम चलाइन् । जीवनको रथ हाकिन् कठोर मन बनाएर । 'चराले त आफ्ना सन्तान हुर्काउँछ भने म के कम छु र ?' भन्थिन् सुन्तली । मीठो चोखो भेट्दा मुठीमा राखेर घर पुग्थिन् र बच्चाकै मुखमा पुराएकै हुन्थिन् । घरमा आउनी परपाहुनाको पनि खुबै ख्याल गर्ने गर्थिन ऊनी । वर्षहरू बिते तर सन्तराम आएनन् मन पग्लेर ।

चाडपर्व आए पनि सुन्तलीको लागि आएनन् कहिल्यै । मिठो मसिनो पाक्दा खुबै सम्झेर मन अमिलो पार्थिन् । तर कहिल्यै पनि आँसु देखाएर हिंडिनन् । कोही देश, विदेश बसेर आउँदा मरमसला तथा चिनी, चियापत्ती दिन्थे । तर सन्तरामले एक रुप्पे सम्झेनन् जहानहरू जिउककदै छन् भनेर । जुन दिन कुकुरले हाड छोडेझैं छोडेर हिंडेका थिए । अहो ! कस्तो मन हो निस्ठुरीको । कसैको बा कसैको पति । किन यसरी हिंडे र हिंडेको हिंडै भए । दुनियाँले केही बुझेनन् । ऊनी सरिफ नै मान्छे हुन् । रक्सी खान्थेनन् । बाहिर मन डुलाएनन् । सन्तराम सन्त नै थिए । तर किन अन्त पुगेर बसेका होलान् एक्लै एक्लै ! तल जंगलनेर सिमसार जमिन छ । एक उपाय रचिन सुन्तलीले । मान्छे खोजे अनि खनेर खेत बनाए । पहिलो साल बाह्र पाथी जति धान उब्जेको पनि हो । केटाकेटी खुशीले नाच्नै खोजेका हुन् । भात पनि देख्न पाइने भयो भनेर । तर त्यो हर्ष टिकेन धेरै दिनसम्म । दोस्रो वर्ष हुँदा मुसलधारे पानी पर्‍यो । खोलामा मिसायो खेत पनि । सबैको खुशी फेरि चुँडेर लग्यो । सुन्तली रुनु न हाँस्नु भइछन् । भात खाम्ला भनेर खनेको खेत बाडीपहिरोले बगाउककंदा । ती अनजान बच्चाहरूको आँखा पनि बिझे, मन पनि बिझे । धेरै वर्ष आउन नसकेका सन्तराम एक पटक आएछन् । आफन्तकोमा पसेछन् र उतै बसेका रहेछन् । तर घरमा आएनन् । एकाएक हराए भैँ भएका ऊनी किन आए होलान् यसरी, कसैले मेसो पाएनन् । तर उनछेक नापी टोली पुगेर नाप नक्सा चलेको रहेछ । सुईंको पाएरै ऊनी कुलेलम ठोकेर आएका रहेछन् । मान्छे पठाएर सुन्तलीलाई बोलाएछन् । अर्कैको घरमा भेट्ने गरी । सबै सन्तान बोकेर पुगेकी सुन्तली थिइन् । बच्चाहरूले बा हो भनेर पनि चिनेनन् । निकै बेर पछि बोले बच्चा काखमा लिएर । बुझ्दै जाँदा जग्गा सुन्तलीले आफै पास गरेकी रहेछिन् । यो सुनेर सन्तराम धन्नै बेहोस भएका रहेछन् । पछि ठूलो झगडा परेछ जोईपोइको । म ज्युँदो हुँदाहुँदै तैले कसरी जग्गा नापेर आफ्नो नाममा बनाइस् ? यसो भनेर ऊनी बौलाएर फोहोरो गाली दिएछन् । बाहिरीको अगाडि । तर सुन्तली सम्हालिएरै बोलिन् रे । सम्पत्तिको पिरले रन्थनिएका सन्तराम भोलि बिहानै उठेर कसैसककंग भन्दै नभनी भिसमिसे मै हिंडेछन् । घर बिर्सेर पनि जग्गा नाममा गर्न आएका ऊनी अब नफर्कने कसम खाएर पो हिंडेछन् । बाटामा गोठालाहरुले के भयो र काका ? भनेर सोध्दा त झन् भक्कानिएर रुँदै बाटो काटेर हिंडेका रहेछन् सन्तराम । तर कुनै सम्पर्कको माध्यम नहुँदा परिवार बेखबर नै रहे पछिसम्म । ऊनी कता गए कसैलाई अत्तोपत्तो भएन । अलि समय बितेपछि बल्ल खबर पाइन् सुन्तलीले सन्तराम जिउककदै छन् भन्ने । ऊनी त फेरि दौडेर दिल्ली नै पुगेछन् । तर सम्पत्तिको सन्तापले गर्दा अन्न न पानी भएर बसेछन् । काम छोडेर नसा सेवन शुरू गरेछन् । गर्दागर्दा बिहान साँझै बोतल हातमा लिइरहे । जिउने आधार नै नभएर ऊनी त सुकेर लौरो भैँ भए रे । तर एक दिन अपसोच के परेछ भने, बाटो काट्न खोज्दै थिए । अलमल हुँदा सवारीले ठक्कर दिएछ । घटनास्थल मै ज्यान गुमाएछन् सन्तरामले । आफ्नो दुख लुकाएर गए तर परिवारको बिचल्ली ! यो दुखद घटनाको भोलिपल्ट आफन्तहरू जुटे । अन्तिम संस्कार गरेर गंगामा सेलाएछन् । तर सबै कुरामा बेखबर थिइन् सुन्तली । गाउँकै परिचित व्यक्तिले यो अशुभ खबर ल्याए । भोलिपल्ट बिहानै वरपर कै आफन्तहरू एकै पटक धारो लागेर आए । मान्छेको हुल देखेर सुन्तलीको होसहवास उडेर गयो । सबै अलि मलिन मुद्रामा रहेछन् । सन्तरामको खबर लिएर कान पार्न कै लागि जुटेका । 'ए काकी ! एक छिन यता आउनुस् न, केही कुरा छ ।'

एक जना भतिज पर्ने बोलिहाले । 'के हो के ?' सुन्तली बरबराइन् । 'सन्तराम काका त स्वर्गेवास हुनु भयो नि !' 'हककं केरे बाबु केरे ? को रे को ?' सुन्तली भुइककंमा लडिहालिन् एकाएक । सबै मिलेर सम्हाले । पानीको बाटो गराए । उम्काए सुन्तली लाई । सन्तराम कै सिन्दूरको शर्तमा बसेकी ऊनी धेरै रोइन् । तर बालबच्चा हेरेर जिउनुको विकल्प थिएन ऊनीसँग । सुन्तलीले आत्मबल बढाएर बाँच्ने अठोट गरिन् । बेलाबेला सम्झिएर मन भक्कानी रहन्थ्यो ऊनको । कहिले त गीत गाएरै रात कटाउँथिन् । मन भुलाउन कै लागि भए पनि ।

भिरको टुनी हो..
जे हुनि भै गयो..
किन रुनि हो ?

तर सम्झिएर मन रुन छोडेन सुन्तलीको । घरीघरी माथि घोप्टे भिर तिर हेर्थिन् अनि चिच्चाएर रूँला नै भैँ गर्थिन् । सन्तरामको सम्झनाले सताएर । सन्तराम संसारै बाट हराए तर सुन्तलीको मनबाट कहिल्यै पनि हराएनन् । ऊनी मरेर गए पनि सन्तानको मुख हेर्थिन् र झलझली सन्तरामकै अंश भेट्ने गर्थिन्...।

*-साहित्यपोस्ट डटकम*

---

निबन्ध — ज्ञानेन्द्र विवश

# यादहरू सम्हालेर राख्नु



यस्तो पो हुनु, खोजेपछि भेटिनु । भेटेपछि नछुटिनु । सम्झनामा साथै रहनु । बिछोडमा पनि याद गर्नु । मित्रतामा घात नगर्नु । यादहरू सम्हालेर राख्नु । सम्हालेपछि बेलाबखत सम्झिनु । सम्झेपछि नबिर्सिनु । नबिर्सिएपछि मिठामिठा यादहरूमा भेटिनु । भेटिएपछि भलाकुसारी गर्नु ।

सोचिरहँदा मिठो याद आउनु । त्यही यादका पाना-पत्रपत्रहरूमा अनुभूतिका सुखद यात्रा हिँड्नु । आपसमा शंका नगर्नु । धेरै विश्वास गरेर धेरै भर पनि नपर्नु । कसैलाई माया पनि धेरै नगर्नु । आफैँले पनि धेरै माया नखोज्नु । गालीगलौजको भाषा र भाव प्रकट गर्दै नगर्नु । मित्रता, मिजास र मेलमिलापको हार्दिक सौहार्दपन कायम राख्नु । एक्लै एकान्तमा पनि सोचाइ सकारात्मक ल्याउनु । त्यही सोचाइले जीवनधाममा उत्सव आउनु । त्यही उत्सवले खुसीका नाचगान भित्रिनु । बिहानी प्रहरमा चराका गुञ्जनजस्तो बोलिरहनु । नबुझिए पनि मिठासले झर्को नलाग्नु । सपना भत्किँदैन त्यसले । गड्याङगुडुङले जस्तो मन र मुटु थरथर काप्दैन कदापि । यो नसोच्नु कि त्यसले भताभुंग गरिदियो शान्त मन । बबर्दि भयो भनेर कहिल्यै नठान्नु । खोजिरहँदा तत्काल त्यही चिज पाउनु । त्यही चिजमा जीवनको अमूल्य सरसामान हुनु । त्यही सामान पाएपछि सारा दुःख दूर हुनु । सुखका पहेलीहरूले अँगालोमा बेर्नु । अरूलाई पनि आफूमा समेट्नु । कसैलाई काखा र पाखा नगर्नु । गुरुजन, आफन्त, शुभचिन्तक सबैले दिएको आशीर्वचनहरू । शुभेच्छाका असंख्य पाका अनुभवहरू । यसो गर्नू, उसो नगर्नू । धेरै सिधा नहुनू । धेरै बांगो पनि नबन्नू भनेका तिता अर्तीउपदेशहरू । व्यवहारमा लगाउँदा त्यसबाट हुने लाभदायी प्रतिफलहरू । तर, सुन्दा सुन्दा झर्कोफर्को, वाक्कदिक्क भएका ती दिनहरू ।

कठै, सम्झँदा आज झल्झली आँखामा ! त्यसैले यादहरू सम्हालेर राख्नुपर्ने रहेछ । यादहरू सँगालेर राख्नुपर्ने रहेछ । 'कुरा सुन्नु बुढाको, आगो ताप्नु मुढाको' भन्ने उखान त्यत्तिकै कहाँ बनेको रहेछ र ! बरु, बौरिन्छन् सुस्त मनहरू । चंगा बन्छन् निदाइरहेका तनहरू । जाग्छन् चेतना तन्तु सारा । भाग्छन् आलस्यका तगारा । खुल्छन् झ्यालहरू । उघ्रन्छन् जस्केला र दैलाहरू समेत । अनि, बिउँझिन्छन् सिर्जनात्मक कर्म, धर्मका जाज्वल्यमान दिनहरू । तिनै दिनहरूमा फुल्छन्, फल्छन् सत्कर्मका बाली र बेर्नाहरू । सजिन्छन्, सुहाउँछन् सौन्दर्यका जवानी-जीवनहरू । आकाशजस्तो फराकिलो सोचाइको व्याप्तिमा भेटिन्छन् प्राप्तिका पलहरू । साँघुरिँदा किचिँदै, थिचिँदै, मिचिँदै आफ्नै अस्तित्व जोगाउन धौधौ हुन्छ । पुगेर नसकिने कैयौँ जंघार, घोचा र घारा, अवरोधका तगारा । तिनैलाई उछिन्दै पुग्नु गन्तव्य आहा ! जहाँ भेटिन्छ शान्त, सुन्दर पृथक् संसार । त्यही संसारमा मायाको मिठो आभास महसुस गर्न पाउनु । समयको न्यानो सुवासले सुगन्धित भइरहनु । सम्बन्धको आत्मीय अनुराग भेट्नु । हरेक पल आरामदायी, आनन्दको उच्छ्वासमा रमाउनु । जीवनको घाम रहेसम्मै हो छाया । छायाले पछ्याउने पनि उज्यालो छउन्ज्यालसम्म हो । अँध्यारो भएपछि त छायाले पनि साथ छोडिहाल्दो रहेछ ।

बुझ्नुपर्ने कुरा दुःखलाई साथ नलिई सुख पाइन्न । हजारौँ कष्ट, खोट र चोटका प्रहारपछि थोरै सुख बल्ल मिल्छ । त्यही थोरै सुख नै खुसीको अपार तृप्ति हुन्छ । त्यसमै अहोभाग्य ठानेर सन्तोष मान्नुपर्ने रहेछ । कहाँ छैन गारो, सर्वत्र छ कठिन । मनले चिताए केही हुन्न रहेछ काम । पहिले काम आफ्नो, पछि त्यही काम अरूको । कुनै काम कहिल्यै हुन्न रहेछ अर्को । सबै काम आफ्नै, आफ्नो लागि गर्ने । त्यही काम पछि सबैलाई हुने । भलो गर्दा आफूले कुभलो हुँदैन । काम गर्दागर्दा साथ छोड्नु हुन्न । घात नगरी कसैलाई सर्वहित ठानी जीवनले पुऱ्याउँछ गन्तव्यमा एक दिन । गन्तव्यपछि अरू गन्तव्य हुन्छन् धेरै । आजको गन्तव्य विश्रामसँगै बिसाइ । सुरु हुन्छ फेरि अर्को दिनको गन्तव्य नयाँ ठाउँको पहिचान खोज्दै । सकिँदैन गन्तव्य पुगेर कहिल्यै । दिनदिनै नयाँ र नौलो गन्तव्यमा रमाउँदै ।

भेट्नु छ सदा नवजीवनको उल्लासमय उन्नतिको सौगात । रोक्नु हुन्न गन्तव्य अब पुगियो भनेर । सकिँदैन जीवन छउन्ज्याल गन्तव्यमा पुगेर । आजको गन्तव्य आजै सकिन्छ । भोलिको गन्तव्य फेरि भोलि नै सुरु हुन्छ । यही गन्तव्यले नै हो जिज्ञासा बढाउने । यात्रामा हिँडाउने । खोजीमा सामेल गराउने । उपलब्धिको उपहार दिलाउने । जीवनलाई जीवन्त बनाउन सिकाउने । फेरि याद आउँछ, उही उपदेशको । बुझिलिँदा बौद्धिक पनि त्यत्तिकै बहुउपयोगी समेत उत्तिकै उपलब्धिमूलक । एउटै बाटोमा हिँड्नु । अनेक बाटोमा नलाग्नु । एउटै गन्तव्य रोज्नु । रोजेको गन्तव्यमा पुगेरै छाड्नु । एउटै यात्रामा हिँड्नु । हिँडेपछि पुगिनु । पुगेपछि देखिनु । देखेपछि आनन्दित हुनु । हेरेपछि देखिनु । देखेपछि केही नयाँ भावना लेखिनु । लेखेपछि नमेटिनु । नमेटिएपछि नबिर्सनु । बोलेपछि बात मार्नु । हाँसेपछि मुस्कान बाँड्नु । देखेपछि हेरिदिनु । नदेखेजस्तो नगर्नु । हिजो र आज जिन्दगी ! के हुँदै छ, कस्तो छ ? परीक्षण पनि गर्दै गर्नु । नीति, नियम र अनुशासनको परिधिमा रहनु । फुक्का फकिर जीवन नबिताउनु । यद्यपि, घुम्नु घुम्न सकेजति घुम्नु । हिँड्न सकेजति हिँड्नु । पुग्न चाहेजति पुग्न नछोड्नु । अरूलाई दोष नलगाउनु । आफूलाई नै सर्वेसर्वा पनि नठान्नु । स्वार्थ नराख्नु । मपाइँत्व पनि नगर्नु । गल्ती नगर्नु । समस्या नउब्जाउनु । बरु, आफैँले समाधानको उपाय खोज्नु । भड्खालोमा जाकिने बाटो नरोज्नु । अरूलाई दोषी देखाएर आफू मात्र चोखिने र उम्किने उपाय पनि नखोज्नु । अनुचित, अनधिकृत, अप्रिय र आफैँलाई अप्ठ्यारो पार्ने काम नगर्नु । यस्तो गर्न कसैलाई प्रेरित पनि नगराउनु । बरु, प्रेरणा दिनु, प्रोत्साहन गर्न प्रस्तुत हुनु । प्रशस्त प्रशंसायोग्य प्रेमपूर्ण काम गर्नु । अरूको मन कि दुखाउनु ? किन मन खिन्न पार्नु ?

सूक्ष्म मन झन् किन छिन्नभिन्न पार्नु ? सकेसम्म मन मिलाउनु, जोड्नु, जुटाउनु । सानो र साँघुरो चित्त किन बनाइराख्नु ? बरु, फैलाउनु, विशालकाय बनाउनु । मनका खराबी कीटाणु मार्नु सदाका लागि मास्नु । त्यहाँ फलाउनु सुगन्ध र सौन्दर्यमय तुलफूल ।

घोच्ने, पोल्ने बिरुवा किन लगाउनु ? अन्न-ऐश्वर्य उमार्नु । ऐँजेरु मास्नु, लहलह बाली, वृक्ष बढाउनु । मनको कुनाकानीका जालझेल फाल्नु । बिझाउने, अल्झाउने माकुराका जाला सबै हटाउनु । सधैँसधैँ फक्रिरहनु । जीवनभरि फुलिरहनु । आफ्नै काममा भुलिरहनु । आफ्नै काममा झुलिरहनु । आफ्नै काममा रमाइरहनु । चुपचाप नबस्नु । यताउता घुमिरहनु । उतायता डुलिरहनु । चारैतिर हेरिरहनु । सबैसँग हाँसिरहनु ।

किन कोहीसँग रिसाउनु, खुसाउनु र रोइरहनु ? सबैसँग मिल्नु । मिलेर, हाँसेर बाँच्नु पो बाँच्नु । पछिसम्म आफ्नो काम आफैँले सम्झिरहनु । आज नसम्झे के हुन्छ र ? आफूले सन्तोष मान्न सक्ने राम्रो काम गर्नु । मन हुँदा के नहुँदो रहेछ र ! समय निकाल्न खोज्दा निक्लिँदो रहेछ । जसरी कि हिँड्न सकिँदा पुगिँदो रहेछ । सुध्रिन चाहँदा, सुधार्न खोज्दा हुँदो रहेछ । बनाउने चाहना हुँदा बनाउन सकिँदो रहेछ । नगरे पो केही नहुने । अल्छीआलस्य स्वभाव मात्र प्रोत्साहित हुने । चाहना नराख्दा पो केही नहुने रहेछ । राम्रो चाहना र चिन्तनले फलिफाप नै गराउने रहेछ । सोचाइमा सकारात्मकपन हुँदा सत्कर्म सुनिश्चित रहेछ । ठेस लागे ढुंगा हटाउनु । अवरोध पन्छाउनु । कहिल्यै कसैलाई सत्तोसराप नगर्नु । नहत्तारिनु, नआत्तिनु । धैर्यले काम गर्नु । संयमले काम गर्नु । विवेकलाई व्यवहारमा ल्याउनु । बौद्धिकताको प्रयोग गर्नु । बकबक धेरै नगर्नु । बेइमानी नहुनु । झल्याँस्स सम्झिँदा झुलुक्क आइदिनु । हिँडेर गोडा थाकेर फतक्क हुँदा बस्ने चौतारी भइदिनु । लेखेर अक्षरमा अनुभूति पोख्दा सर्लक्क भावना जीवन्त पोखिनु । बिर्सिरहनु पनि कति कुरा कहिलेसम्म र ! सम्झिरहनु पनि कतिन्जेल र ! परन्तु, यही सम्झनु र बिर्सनुकै दोसाँधमा रहेछ जिन्दगी ।

क्रमशः काममै गलिरहनु । कामैमा थाकिरहनु । दिनहरू कामकै मेलोमेसोमा बितिरहनु । जिन्दगी यसरी नै बितिरहनु । हेरेपछि हेरिरहनु । बोलेपछि बोलिरहनु । तर, सीमासम्म बोल्नु । रमेपछि रमाइरहनु । आफ्नै संसारमा हराइरहनु । आफ्नै काममा टोलाइरहनु । सबैलाई हँसाइरहनु । कसैलाई रुवाउने, सताउने काम नगर्नु । कसैलाई नलखेट्नु । कसैसँग नरिसाउनु । जिन्दगी यसरी नै बिताइदिनु । छलछाममा आफैँ परेको पत्तै नपाउने नहुनु । झुक्किनु पनि कतिसम्म आफ्नैले आफैँलाई झुक्याउन सक्छन् चनाखो हुनु । यति भएपछि सहयोग गर्नेलाई नबिर्सिनु । निष्ठुरी बनेर एक्लै अर्कै संसारमा नरमाउनु । यादहरूमा जीवनका सुन्दर पलहरूको सम्झना गर्दै गर्नु । यादहरू सधैँ सम्हालेर राख्नु !

*-बाह्रखरी डटकम*

# तानसेनमा सुनका गहना ठगी गर्ने चार जना पक्राउ




**पाल्पा,** साउन १६/ सर्वसाधारणलाई ललाईफकाई गरी विभिन्न प्रलोभनमा पारी सुनका गहना ठग्दै हिँड्ने चार जना पक्राउ परेका छन् । तानसेनका विभिन्न स्थानमा पुगेर नक्कली सुनको जस्तो डल्लो देखाई प्रलोभनमा पारी सुनका गहना झिकेर लैजाने चार जनालाई जिल्ला प्रहरी कार्यालयले पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा पाल्पाको तिनाउ गाउँपालिका -३ झुम्साका ६३ वर्षीय चुरामणी गाहा मगर, रुपन्देहीको सैनामैना नगरपालिका -८ का ४२ वर्षीय गुञ्जबहादुर मगर, रुपन्देहीकै कञ्जन गाउँपालिका- १ का ३३ वर्षीय लक्ष्मण कुमाल र रुपन्देही ओमसतिया गाउँपालिका -५ घर भई हाल बुटवल उपमहानगरपालिका लक्ष्मीनगरमा डेरा गरी बस्ने ५३ वर्षीय गिरी बहादुर थापा भुजेल रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक सन्दीप बेल्वासेले जानकारी दिए । ति व्यक्तिहरुले गत वर्ष भदौ २६ मा तानसेन नगरपालिका -४ होलादीस्थित मनकामना होटेल नजिकै तिनाउ गाउँपालिका -५ भोक्तछापकी ५७ वर्षीया बमिसरा रानालाई नक्कली सुनको जस्तो डल्लो देखाई प्रलोभनमा पारी सुनका गहना लगेका थिए । उनीहरुले ति महिलाले लगाएको १ तोला सुनको कुण्डल रिङ झिकेर भागेका थिए । यस्तै गत चैत १८ मा तानसेन- ६ लहरेपिपलमा बगनासकाली गाउँपालिका- ९ चापपानीकी ६३ वर्षीया डोल कुमारी थापाले लगाएको १ तोला १२ लालको सुनको रिङ कुण्डल झिकेर उनीहरु भागेका थिए । यस्तै उक्त समूहले गत जेठ २७ मा तानसेन -३ प्रगतीनगर टोलमा रिब्दीकोट गाउँपालिका-७ की ५७ वर्षीया भुमी कुमारी गाहाले लगाएको १ तोलाको सुनको रिङ कुण्डल झिकेर भागेको थियो । निवेदकहरुको आधारमा प्रहरीले उनीहरुको खोजी कार्य जारी राखेको थियो । प्रहरीले ठगी गर्ने व्यक्तिहरुलाई खोजतलास गर्ने क्रममा सोमबार तानसेनको टुँडिखेलस्थित साझा फेन्सी पसल नजिकैबाटै पक्राउ गरेको हो । प्रहरीले बाटोमा शंकास्पद अवस्थामा हिडिरहेको अवस्थामा फेला पारी उनीहरुलाई रोकी सोधपुछ गरी शरीर खानतलासी गर्ने क्रममा चुरामणी गाहा मगरले बोकेको कालो झोला भित्र लुकाई छिपाई राखेको अवस्थामा सुनको डल्ला भनी झुक्याएको जस्तो बस्तु फेला पारेको थियो । प्रहरीले उनीहरुको साथबाट पहेलो रंगको चारपाटे धातु एक थान, निवेदन साथ पेश गरेको पहेलो रंगको चारपाटे धातु ३ थान बरामद गरिएको जनाएको छ । उनीहरुलाई नियन्त्रणमा लिई थप अनुसन्धान अगाडि बढाइएको प्रहरी निरीक्षक बेल्वासेले जानकारी दिए ।


## कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८१ श्रावण १ गतेदेखि लागु हुनेगरी यस अधि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक
कैलाशनगर मिडिया प्रा.लि.
ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१


खेलकुद समाचार

# प्रिन्स लगातार तेस्रो खेलमा पराजित

**काठमाडौं,** साउन १६/नेपाली ब्याडमिन्टन खेलाडी प्रिन्स दाहाल पेरिस ओलम्पिकमा समूह चरणको तीन वटै खेलमा पराजित भएका छन् । बुधबार भएको समूह 'पी' को पुरुष एकलतर्फ प्रिन्स इजरायलका मिसा जिलबरमनसँग २१-१२ र २१-१० ले पराजित भए । प्रिन्स विश्व वरीयताको एक सय ७२ औं र इजरायलका जिलबरमन ५८ औं स्थानमा छन् ।

यसअघि प्रिन्स समूह चरणको पहिलो खेलमा विश्व वरीयताको शीर्ष दुईमा रहेका डनेमार्कका भिक्टर एक्सेल्सेनसँग र दोस्रो खेलमा विश्व वरीयताको ४३ औं स्थानमा रहेका आयरल्यान्डका हात गुयेनसँग पराजित भएका थिए । नेपालले पहिलो पटक ओलम्पिकमा ब्याडमिन्टनतर्फ सहभागिता जनाएको हो । पेरिस ओलम्पिक २०२४ मा नेपालबाट सात जना खेलाडी सहभागी भएकामा पाँच जनाको खेल सकिइसकेको छ । पौडीका एलेक्जेन्डर शाहले आफ्नै नाममा रहेको राष्ट्रिय कीर्तिमानमा सुधार गर्नुबाहेक पाँचै खेलाडी पहिलो चरणबाटै बाहिरिए । अब नेपालबाट एथ्लेटिक्सकी सन्तोषी श्रेष्ठको स्पर्धा बाँकी छ । सन्तोषीले अन्तिम दिन अगस्ट ११ मा महिला म्याराथनमा प्रतिस्पर्धा गर्नेछिन् ।

# भैरवस्थानमा...

...यहाँ दैनिक एक हजार भक्तजनले मन्दिरमा दर्शन गर्दै आएका छन् । सेन वंशका राजा मुकुन्द सेन प्रथमले आफ्नो राज्य विस्तार गर्ने क्रममा पूर्वका काशी र पश्चिममा हरिद्वारसम्म फैलिएको थियो । काठमाडौं खाल्डोमा विसं १५१५ मा आक्रमण गर्दा मच्छिन्द्रनाथको विहारको पटाङ्गिनीमा रहेको भैरवको मूर्ति ल्याएर स्थापना गरेको मानिन्छ । भैरव मन्दिरको माथिल्लो तलामा सर्वसाधारणको दर्शनार्थ कीर्तमुख भैरवको स्थापना गरिएको छ । खास भैरवलाई सर्वसाधारणले हेर्न हुँदैन भन्ने मान्यता छ । सो भैरव मूर्ति भुइँतलामा छ । बगलमा कालीको मूर्ति छ । मन्दिरमा भाक्कल पुजा, क्षमापुजा, पञ्चबली पुजा हुन्छ । यहाँ प्रसादको रुपमा चढाइने रोटको विशेष महत्व हुन्छ । नेपाली एकीकरणका समयमा पाल्पाका सेन राजालाई शक्तिशाली राज्यका रुपमा मानिन्छ । सेन राजाका पालामा भैरव मन्दिर स्थापित भएको हो । स्थानीय बासिन्दाले रोट पकाउने तथा मन्दिरमा चढाउने सामग्रीको कारोबारबाट रोजगारी तथा स्वरोजागर सिर्जना हुँदै आएको छ ।

## बिमालेख हराएको सूचना

यहि मिति २०८१/०२/५ गतेका दिन **लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड** (**एल.आई.सी.**)को कमला टण्डन क्षेत्रीको नाममा जारी बिमा (पोलिसी) नम्बर २५०४१६६१७ को बिमालेख गुल्मीदेखि पाल्पातर्फ आउँदै गर्दा हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा सम्बन्धित शाखामा जानकारी दिनुहुन अनुरोध छ ।
**नाम :** कमला टण्डन क्षेत्री
**ठेगाना :** गुल्मी दरबार-६
**सम्पर्क नं :** ९८४७३१०९८४

अर्थ/कर्पोरेट समाचार

# बढ्यो नेप्से




**पाल्पा,** साउन १५/शेयर बजारमा कारोबार रकमले नयाँ रेकर्ड बनाएको छ । बुधबार एकैदिन २१ अर्ब ९१ करोड ११ लाख रुपैयाँ बराबरको शेयर कारोबार हुँदा ऐतिहासिक रेकर्ड कायम भएको हो ।

यसअघि २०७८ साल साउन ३१ गते २१ अर्ब ६४ करोड ७६ लाख रुपैयाँ बराबरको शेयर कारोबार भएको थियो । बुधबार हिमालयन रिइन्सुरेन्स कम्पनीको मात्रै ८४ करोड ४९ लाख रुपैयाँ बराबरको शेयर किनबेच भएको छ । कारोबार रकमले रेकर्ड बनाएको दिन शेयर बजार परिसूचक नेप्से ६४ दशमलव २५ अंकले बढेर दुई हजार सात सय ६० दशमलव ९० विन्दुमा पुगेको छ । बुधबार सबै समूहको शेयर बढेकोमा बीमा, फाइनान्स, होटल, विकास बैंक, उत्पादन, व्यापार समूहको शेयर उच्च अंकले उकालो लागेको छ । बुधबार १० वटा कम्पनीका शेयर १० प्रतिशतले बढेको छ । यस्तै ११ वटा कम्पनीको शेयर नौ प्रतिशतभन्दा धेरैले उकालो लागेको छ । समग्रमा बजार बढेको दिन सिभिल बैंक डिबेन्चर २०८८ को शेयर भने झन्डै आठ प्रतिशतले घटेको छ ।


## पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं

- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं ।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नस्कने गरी बार लगाऔं ।
- पानीको मूल, पानी प्रशोधन यन्त्र तथा पानी भण्डारण गर्ने टचाङ्की समय-समयमा सफा गरौं ।
- पानी टचांकी, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा नियमित सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्दा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई